# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीखोला, धादिङ
## बागमती प्रदेश, नेपाल

प.सः २०७९/०८०
च.नः ९६९

मिति : २०७९/०८/२९

**विषय : खेलाडी सम्मान तथा पुरस्कारको लागि निवेदन पेस गर्ने सम्वन्धमा ।**

श्री सरोकारवाला सबै
धुनिवेशी नगरपालिका, धादिङ ।

प्रस्तुत विषयमा धुनिवेशी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाले आ.व.२०७८/७९ मा जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल प्रतियोगिताहरुमा उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गर्न सफल खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रम रहेको हुँदा तपसिलमा उल्लेखित आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्नुहुन अनुरोध छ ।साथै पुरस्कार प्राप्त गर्नको लागि धुनिवेशी नगरपालिकाको स्थायी वासिन्दा भएको हुनुपर्ने छ ।

विकास खत्री
अधिकृत आठौं तह
शिक्षा,युवा तथा खेलकुद शाखा

तपसिलः
१-खेलकुद प्रतियोगिताका आयोजकबाट प्रदान गरिएको प्रमाणपत्रको प्रतिलिपि ।
२-ती प्रतियोगितामा भाग लिन परिषदको वा नगरपालिकाको स्वीकृतिमा गएको प्रमाणपत्रको प्रतिलिपि ।
३- परिषद र सम्वन्धित खेलकुद सम्बन्धी संघको सिफारिस पत्रको प्रतिलिपि (खेलाडी र प्रशिक्षक) ।
४-सम्वन्धित खेलाडी तथा प्रशिक्षकले नेपाल सरकारलाई तिर्न बुझाउन कुनै बेरुजु वा अन्य रकम बाँकी नरहेको भन्ने सो घोषणा पत्र ।
५-सम्भव भए सम्म सम्वन्धित खेलकुदमा सहभागी भएको फोटो ।
६-प्रशिक्षकको हकमा प्रशिक्षकको प्रशिक्षण सम्वन्धी सम्वन्धित खेलको अनुमति पत्रको प्रतिलिपि ।
७-सहभागीले धुनिवेशी नगरपालिकाको स्थायी वासिन्दा भएको प्रमाण पुग्ने कागजात पेस गर्नु पर्ने छ ।



CamScanner